नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

प.सं. २०७६/०७७ (योजना तथा अनुगमन) चलानी नं.: ६३

मितिः- २०७६/०५/२०

विषयः- *स्थानीय तहहरुको प्रशासकीय भवन निर्माण सम्वन्धमा ।*

श्री स्थानीय तहहरु, सवै ।
(महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाहरु सवै)

प्रस्तुत बिषयमा यस मन्त्रालयको च.नं. २८७ मिति २०७४/०२/१६ को नेपाल सरकार (मा. मन्त्रीस्तर) को निर्णय अनुसार नयाँ गठन भएका स्थानीय तहहरुका लागि प्रशासकीय भवनमा एकरुपता ल्याउने उद्देश्यका साथ गाउँपालिका तथा नगरपालिकाका प्रशासकीय भवनका लागि ४ प्रकारका तथा वडा कार्यालय भवनका लागि ६ प्रकारका नमूना नक्सा तयार गरी उपलव्ध गराइएकै छ ।साथै गाउँपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण सम्वन्धी मापदण्ड, २०७५ अनुसार स्थानीय तहको प्रशासकीय भवन निर्माणका लागि जमीनको क्षेत्रफल निर्धारण गर्दा सरकारी भवनको लागि आवश्यक क्षेत्र, पार्किङ, खुला क्षेत्र, पहुँच सडक लगायतका पक्षहरुलाई मध्येनजर राखि नगरपालिकाको लागि कम्तिमा ८ रोपनी र गाउँपालिकाको लागि कम्तिमा ६ रोपनी क्षेत्रफल भएको जमीन सकभर एकै ठाउँमा हुनुपर्नेछ वा १०० मीटरको दूरी भित्रको अर्को स्थानवाट समेत मिलाई जग्गाको क्षेत्रफल निर्धारण गर्न सकिने व्यहोरा विदितै छ ।

यसै सन्दर्भमा स्थानीय तहहरुको प्रशासकीय भवन निर्माणका लागि चालु आ.ब. २०७६/७७ को बजेट बक्तव्य को वुँदा नं. २१४ मा उल्लेखित स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमका लागि बजेट समेत विनियोजन भई कार्यक्रम कार्यान्वयनको लागि यस मन्त्रालयबाट स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को मस्यौदा तयार गरी स्वीकृतिको चरणमा रहेको छ ।उल्लेखित कार्यविधिमा स्थानीय तहका प्रशासकीय भवनहरुमा एकरुपता कायम गर्ने गरी डिजाइन तथा नमूना समेत प्रस्ताव गरिएकोले गाउँपालिका तथा नगरपालिकाले आफ्नो प्रशासकीय भवन निर्माण गर्दा स्वीकृत मापदण्ड तथा कार्यविधि वमोजिम गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध गर्दछु ।

(भुपेन्द्र रायमाझी)
शाखा अधिकृत

__वोधार्थः__
श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर ।
श्री सूचना तथा प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः
मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।